# उपाध्यक्ष संग  गर्भवती आमा र शिशु पोषण कार्यक्रम संचालन कार्यविधि, २०७९

छथर जोरपाटी गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

जोरपाटी धनकुटा

प्रदेश नं. १, नेपाल

# उपाध्यक्ष संग  गर्भवती आमा र शिशु पोषण कार्यक्रम संचालन कार्यविधी २०७९

**पृष्ठपोषणः**

नेपाल सरकारको प्राथमिकता कार्यक्रम मध्ये प्रजनन स्वास्थ्य कार्यक्रम पनि एक हो । यस कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्नु आवश्यक छ । कुनै पनि महिला गर्भवति भएपछी गर्भावस्थामा आफु तथा आफ्नो गर्भको बच्चाको बृद्धि विकासकोलागि पौष्टिक तत्वको आवश्यकता पर्दछ मानवको वौदिक विकाशको गति  गर्भमा ३०% ,१ बर्ष मा २५% र २ बर्षमा २५% विकाश हुन्छ। गर्भावस्थामा उचित मात्रामा पौष्टिक तत्व पाएमा गर्भवती महिलाले स्वास्थ वच्चा जन्माउछिन । महिला गर्भवती भएदेखी बच्चा नजन्माउन्जेल स्वास्थ्य संस्थामा गई गर्भवती भएको १२, १६, २०, २४–२८, ३२, ३४, ३६,३८–४० हप्तामा (जम्मा ८ पटक) र कुनै पनि समस्या परेमा तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा गई आफ्नो गर्भ जाँच गराउनु र वच्चा जन्माउन आफ्नो नजिकको वर्थिङ्ग सेन्टर (सुरक्षित प्रसुति सेवा) पाउने स्वास्थ्य संस्थामा गई दक्ष प्रसुतिकर्मीबाट सुरक्षीत प्रसुति सेवा लिनु आवश्यक छ । वच्चा जन्माएपछी पनि वच्चाको वृद्धि विकासकोलागि प्रसस्त मात्रामा दुध उत्पादन तथा आमा वच्चा स्वस्थ रहन पौष्टिक तत्व युक्त खानेकुरको आवश्यक पर्ने भएको तर आवश्यक भएपनि गरिवी, अशिक्षा आदिको कारणले आवश्यकता पुरा हुन नसकिरहेको अवस्थामा यस छथर जोरपाटी गाउँपालिकाले यस पालिका क्षेत्र भित्र स्थायी रुपले वसोवास गर्ने कुनै पनि महिला गर्भवती भएदेखी सुत्केरी पश्चात आवश्यक पौष्टिक तत्व अभाव हुन नदिनकोलागि गर्भवती महिलाहरुलाई पहिलो पटक जाँच गर्न आउँदा तथा स्वस्थ्य संस्था त सुत्केरी भएमा पौष्टिक तत्व युक्त खानेकुराहरु खानकोलागि प्रोत्साहन स्वरुप केहि रकम उपलब्ध गराउने नयाँ कार्यक्रम लागु गर्न छथर जोरपाटी गाउँपालिकाको कार्यालय, धनकुटाले यो उपाध्यक्ष संग गर्भवती आमा र शिशु पोषण कार्यक्रम संचालन कार्यविधि, २०७९ जारी गरेको छ।

## परिच्छेद एक

## संक्षिप्त नाम र परिभाषा

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधीको नाम उपाध्यक्ष संग गर्भवती आमा र शिशु पोषण संचालन कार्यविधि, २०७९ रहेको छ।

२) यो कार्यविधी गाउँपालिका क्षेत्रभर लागु हुनेछ।

३) यो कार्यविधी २०७९ देखी प्रारम्भ हुनेछ।

**२. परिभाषा**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमाः

१) कार्यपालिका भन्नाले गाउँपालिकालाई सम्झनु पर्छ।

२) गाउँपालिका भन्नाले छथर जोरपाटी गाउँपालिका, जोरपाटी धनकुटा सम्झनु पर्छ।

३) प्रमुख भन्नाले गाउँपालिकाको प्रमुखलाइ सम्झनुपर्छ।

४) प्रमुख प्रशासकिय अधिकृत भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

५) स्वास्थ्य अधिकृत भन्नाले गाउँपालिकाको स्वास्थ्य शाखाको प्रमुख वा सो कामकाज गर्न तोकिएको कर्मचारी सम्झनु पर्छ।

६) स्वास्थ्य शाखा भन्नाले पालिकामा रहेको स्वस्थ्य हेर्ने शाखा वा ईकाईलाई सम्झनु पर्छ।

७) पोषण भन्नाले शरीरको वृद्धि विकासकोलागि आवश्यक पर्ने पौष्टिक तत्वयुक्त खानेकुरा भन्ने सम्झनु पर्छ।

८) गर्भवती आमा भन्नाले कुनै महिला वच्चा पाउने उमेरमा पुगिसकेपछि गर्भ बोकेकी महिला सम्झनु पर्छ।

९) सुत्केरी आमा भन्नाले कुनै पनि महिलाले आफ्नो पेटको बच्चालाई जन्म दिइसकेकी आमा सम्झनु पर्छ।

१०) नवजात शिशु भन्नाले जन्मे देखी २८ दिन उमेर सम्मको बच्चा सम्झनुपर्छ।

११) स्तनपान भन्नाले कुनै बच्चा जन्मिएपछी कम्तीमा पनि २ वर्ष सम्म आमाको दुध खुवाउनु भन्ने सम्झनुपर्छ।

१२) स्वास्थ्य संस्था भन्नाले गाउँपालिकाको वडामा रहेको स्वस्थ्य सम्बन्धी सेवा, दिने कार्यालय सम्झनु पर्छ ।

१३) स्वास्थ्य समिति भन्नाले गाउँपालिका स्वास्थ्य समिति सम्झनु पर्छ ।

१४) व्यवस्थापन समिति भन्नाले स्वास्थ्य व्यवस्थापन समिति सम्झनु पर्छ ।

१५) मन्त्रालय भन्नाले नेपाल सरकार, स्वास्थ्य मन्त्रालय सम्झनु पर्छ ।

## परिच्छेद दुई

## गाउँ कार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत तथा स्वास्थ्य अधिकृतको काम, कर्तव्य र अधिकार

### ३. गाउँ कार्यपालिकाको काम कर्तव्य र अधिकारः

संविधान सुनिश्चित गरेको स्वास्थ्य सम्बन्धी मौलिक हकहरुको पालना तथा संविधानको अनुसुचीहरुमा भएको व्यवस्था अनुसार स्थानीय तहका मुख्य जिम्मेवारीहरु देहाय अनुसार छन् । आधारभुत स्वस्थ्य सेवाले विभिन्न रोगहरुबाट व्यक्ति, परिवार तथा समुदायमा पर्न सक्ने असरहरुलाई सकेसम्म न्यूनिकरण गर्ने उद्देश्य राखेको हुन्छ ।

(क) प्रतिकारात्मक सेवाहरु जस्तै खोप सेवा, सुरक्षित मातृत्व, परिवार नियोजन पोषण

(ख) प्रबद्धनात्मक सेवाहरु जस्तै पोषण प्रवद्र्धन, मानसिक स्वस्थ्य, महिला हिंसाको रोकथाम, धुम्रपान तथा मधपानको रोकथाम, खानेपानी तथा सरसफाई,

(ग) उपचारात्मक सेवाहरु जस्तै विभिन्न रोगहरुको निदान तथा उपाचार, चोटपटक र घाउ खटिराको उपचार, प्रयोगशाला सम्बन्धी जाँचहरु तथा फिजियोथेरापी आदी ।

### ४. प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार:

संघिय स्वास्थ्यसेवा ऐन, प्रादेशिक स्वास्थ्य ऐन तथा गाउँ स्वास्थ्य ऐनले अन्यथा गरेमा वाहेक प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) स्वास्थ्यलाई मौलिक हकको रुपमा स्थापित गर्न पालिकाको समग्र स्वास्थ्य नीति, योजना, कार्यक्रमको कार्यान्वयन एवं अनुगमन गर्ने, गराउने,

(ख) स्वास्थ्य समन्वयकर्ता तथा सहजकर्ता भूमिका निर्वाह गर्ने,

(ग) कार्यपालिकाले प्रत्यायोजन गरेका स्वास्थ्य सम्बन्धि कार्य गर्ने गराउने,

(घ) स्वास्थ्य संस्थाहरुको लेखा परीक्षणको व्यवस्था मिलाउने,

(ङ) स्वास्थ्य सम्बन्धी कुनै प्रस्ताव गाउँपालिकामा पेश गर्नु पर्ने भए सो गर्ने।

**५. स्वास्थ्य शाखा प्रमुखको  तथा अधिकृतको काम, कर्तव्य र अधिकार:**

संघीय स्वास्थ्य ऐन, प्रादेशिक स्वास्थ्य ऐन तथा नगर/गाउँ स्वास्थ्य ऐनले अन्यथा व्यवस्था गरेमा वाहेक नगर÷गाउँ स्वास्थ्य अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) गाउँ कार्यपालिकाबाट स्वीकृत स्वास्थ्य कार्यक्रम कार्यान्वयन गर्ने गराउने,

(ख) स्वास्थ्य सम्बन्धी गाउँ नगर स्तरीय योजना बनाई कार्यपालिकामा स्वीकृतिकोलागि पेश गर्ने र स्वीकृत योजना कार्यान्वयन गर्ने,

(ग) स्थानीय तहको स्वास्थ्यको अवश्था, प्रगति आदि समेटिएको स्वस्थ्य सम्वन्धि स्थितिपत्र तयार गरी प्रत्येक वर्ष प्रकाशित गर्ने,

(घ) पालिका कार्यपालिकाबाट स्वीकृत विभिन्न स्वास्थ्य सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्ने गराउने तथा सो सम्वन्धी अभिलेख तयार गर्ने,

(ङ) स्वीकृत कार्ययोजना अनुसार स्वास्थ्य कार्यक्रम नभएको सम्बन्धमा नियमित रुपले निरीक्षण र सुपरीबेक्षण गरी त्यसको प्रतिवेदन तयार गर्ने,

(च) स्वस्थ्य संस्था प्रमुखहरुसँग प्रत्येक महिनाको पहिलो हप्ता ७ गते भित्र स्वस्थ्य संस्था प्रमुखहरुसँग मासिक प्रगति प्रतिवेदन बारे छलफल राख्ने,

(छ) स्वास्थ्य संस्था तथा पालिकाबाट संचालित कार्यक्रमहरुको प्रगती मासिक, चौमासिक तथा वार्षिक रुपमा माथिल्लो निकायलाई पठाउने,

(ज) थप स्वास्थ्य कार्यक्रमहरु संचालन गर्न आवश्यक देखिएमा पालिकामा कार्यक्रम तय गराई संचालनकोलागि पेश गर्ने।

## परिच्छेद तिन

### ६. उपाध्यक्ष संग गर्भवती आमा र शिशु पोषण कार्यक्रम अनुगमन समितिः

उपाध्यक्ष संग गर्भवती आमा र शिशु पोषण कार्यक्रम अनुगमन समिति पालिकामा देहाय बमोजिमको गठन गरिने छ:

| | |
|---|---|
| (क) गाउँपालिका उप प्रमुख | अध्यक्ष |
| (ख) प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| (ग) वडा अध्यक्ष | सदस्य |
| (घ) पालिकाको स्वास्थ्य शाखा प्रमुख | सदस्य सचिव |

### ७. स्थानीय तहले ध्यान दिनुपर्ने कुराहरुः

स्वास्थ्य सेवाबाट कोहि पनि बन्चित नरहुन् आफ्नो कार्य क्षेत्रमा बसोवास गर्ने समुदायहरु मध्ये सामाजिक आर्थिक विकासका दृश्टिले पछी परेका समुदायहरु (सामान्यतया महिला, दलित,सुकुम्बासी, विपन्न वा स्थानीय सरकारले पहिचान गरेका अन्य समुहहरु) र स्वास्थ्यका हिसाबले सम्वेदनशील समुहहरु ( जस्तै बालबालिका, गर्भवति तथा सुत्केरी महिलाहरु, जेष्ठ नागरीक, अपाङ्गता भएका व्याक्ति) को स्वास्थ्यको सम्बन्धमा विशेष ध्यान पुर्याउनु जरुरी छ। स्वास्थ्य योजना तर्जुमा गर्दा वा स्वास्थ्य सम्वन्धी कार्यक्रम संचालन गर्दा स्वास्थ्य सेवामा पहुँच नपुगेकाहरुलाई सधैं प्राथमिकतामा राख्नु आवश्यक छ।

### ८. स्वास्थ्य संस्थाको निरीक्षण, अनुगमन तथा नियमनः

(क) गाउँपालिका क्षेत्र भित्रका स्वास्थ्य संस्थाहरुको निरीक्षण, अनुगमन र नियमन पालिकाको कार्यालयबाट हुनेछ।

(ख) गाउँपालिका क्षेत्र भित्रका स्वास्थ्य संस्थाहरुको निरीक्षण सुपरीवेक्षण गर्ने जिम्मेवारी सम्वन्धित स्वास्थ्य शाखाबाट हुनेछ।

(ग) स्वास्थ्य शाखा प्रमुख तथा सह संयोजकले मासिक निरीक्षण योजना प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गराई कार्यान्वयन गर्नुपर्नेछ।

## परिच्छेद चार

## स्वास्थ्य संस्था प्रमुखहरुको काम, कर्तव्य र अधिकार

**९. स्वास्थ्य संस्था प्रमुख सम्बन्धी व्यवस्था:**

(क) प्रत्येक स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य संस्था प्रमुख रुपमा काम गर्न एक जना प्रमुख पद रहनेछ ।

(ख) अधिकृत छैठौं स्वास्थ्य संस्था प्रमुख हुने व्यवस्था रहेको छ।

(ग) उपाध्यक्ष संग गर्भवती आमा र शिशु पोषण कार्यक्रम संचालन गर्न स्वास्थ्य प्रमुखको भुमिका स्वास्थ्य संस्थामा कार्यविधी अनुसार उपाध्यक्ष संग गर्भवती आमा र शिशु पोषण कार्यक्रम को रकम सम्बन्धित महिलालाई उपलब्ध गराउने र कार्यपालिकाको प्रतिवेदन गर्ने।

## परिच्छेद पाँच

### १२. उपाध्यक्ष संग गर्भवती आमा र शिशु पोषण कार्यक्रम , संचालन गर्नूको उद्देश्यः

(क) गर्भावस्था तथा सुत्केरी पश्चात हुने मातृ तथा नवजात शिशु मृत्युदर घटाउनु ।

(ख) आमा र बच्चाको स्वास्थ्य राम्रो बनाउनु ।

(ग) स्वास्थ्य संस्थामा गई गर्भ जाँच तथा सुरक्षित प्रसुती सेवा लिन प्रोत्साहन गर्नु ।

### १३. लक्षित समुहः

(क) छथर जोरपाटी गाउँपालिका को स्थायी बासि हुनु पर्ने छ ।

(ख) यो सेवा दुई गर्भावस्ता सम्म मात्र उपलब्ध गराइनेछ ।

(ग) छथर जोरपाटी गाउँपालिका स्थायीबासी नभएमा यो सेवा उपलब्ध गराइने छैन ।

### १४. कार्यक्रम संचालन विधी:

यो कार्यक्रम छथर जोरपाटी गाउँपालिका भित्रका स्वास्थ्य संस्था मार्फत संचालन हुनेछ । गर्भवती महिला गर्भको पहिलो जाँच गर्न गर्भवती भएको १२ हप्तामा स्वास्थ्य संस्थामा गर्भ जाँच गराई गर्भ जाँच गर्ने स्वास्थ्यकर्मीले गर्भवती महिलालाई फोलिक एसिड चक्की, आईरन चक्की, जुकाको औषधी, क्यालसियम खान तथा गर्भावस्थामा लगाउनु पर्ने खोप लगाउन र आमा र बच्चाको बृद्धि विकास र स्वस्थ रहनको लागि पौष्टिक तत्वयुक्त खानेकुरा खानु पर्ने सल्लाह दिदैं पौष्टिक तत्व युक्त खानेकुरा खानको १२ हप्ता, १६ हप्ता, २० हप्ता, २४–२८ हप्ता, ३२ हप्ता, ३४ हप्ता, ३६ हप्ता, ३८–४० हप्ता र स्वास्थ्य संस्थामा सुत्केरी गराएमा रु. ३००० र रू.६००० गरि जम्मा रकम रु. ९००० (नौ हजार मात्र) उपलब्ध गराउने छ । समस्या परेमा जुनसुकै समयमा पनि आफ्नो स्वास्थ्य जाँच गराउन स्वास्थ्य संस्थामा आउनुको साथै सुरक्षित सुत्केरी सेवा लिन स्वास्थ्य संस्थाम नै आउन प्रोत्साहन गर्ने ।

### १५. रकम उपलब्ध गर्ने तरिका पहिला किस्ताको रकम उपलब्धको लागि पेश गर्नुपर्ने कागजातहरूः

(१) स्वास्थ्य संस्थामा पहिलो गर्भ जाँच गर्न आउदा नै स्थायी रुपमा छथर जोरपाटी गा. पा. मा बसोवास गरिरहेको प्रमाण खुल्ने कागजातहरु । दोश्रो तथा अन्तिम किस्ताको रकम लिनको लागि पेश गर्नुपर्ने कागजातहरु

(क) स्वास्थ्य संस्थामा सुत्केरी सेवा लिने गर्भवतीको हकमा स्वास्थ्य संस्थाले दिइएको गर्भ जाँच कार्डको प्रतिलिपी ।

(ख) सम्बन्धित स्वास्थ्य संस्थाले दिएको जन्म दर्ताको प्रमाणपत्र ।

## परिच्छेद छ

### १६. स्थायी बसोवासः

स्थायी बसोवास भन्नाले यस पालिकामा स्थायी रुपमा बसोबास गरिरहेका व्यक्ति तथा परिवार भन्ने बुझिन्छ ।

उपाध्यक्ष संग गर्भवती आमा बच्चा पोषण कार्यक्रम सेवा लिने प्रयोजनकोलागि स्थायी रुपमा छथर जोरपाटी गाउँपालिकामा स्थायी बसोबास गरिरहेका महिला हुनु पर्ने छ ।

### १७. कार्यक्रम संचालन हुने स्वास्थ्य संस्थाहरुः

(१) स्वास्थ्य चौकी तांखुवा, धनकुटा

(२) स्वास्थ्य चौकी परेवादिन, धनकुटा

(३) स्वास्थ्य चौकी हात्तिखर्क, धनकुटा .

### १८ आशातित उपलब्धीहरुः

उपलब्ध भएको रकमबाट आफू तथा आफ्नो गर्भ तथा नवजात शिशुको लागि आवश्यक पौष्टिक तत्वयुक्त खानेकुराको व्यवस्था गरी खानेकुरा खाएर स्वस्थ रहने छन् भन्ने अपेक्षा गरिएको छ ।

### १९. अभिलेख तथा प्रतिवेदनः

सम्बन्धित स्वास्थ्य संस्थाले गर्भवती जाँच गरेको तथा सुरक्षित प्रसुती सेवा दिएको विवरण सहित रकम वितरण गरिएको भरपाई छथर जोरपाटी गाउँपालिकामा बुझाउनुपर्ने छ । सो प्रतिवेदन तथा भरपाई सम्बन्धीत कागजात पालिकाबाट प्राप्त गर्न सकिने ।

अनुसुची १

मितिः

श्री छथर जोरपाटी गाउँपालिकाको कार्यालय,

जोरपाटी धनकुटा

**विषयः कार्यक्रम संचालनको लागि पेश्की सम्बन्धमा।**

महोदय,

प्रस्तुत विषयमा यस छथर जोरपाटी गा. पा. को आ.व.........  को स्वीकृत कार्यक्रम अनुसार यस छथर जोरपाटी गा.पा.का स्वास्थ्य संस्थाहरुबाट संचालन हुने उपाध्यक्ष संग गर्भवती आमा र शिशु पोषण कार्यक्रम संचालनका ेलागि आवश्यक पर्ने पेश्की रकम रु.........  मात्र उपलब्ध गराईदिन हुन यो निवेदन पेश गर्दछु, कार्यक्रम संचालन भएपश्चात नियमानुसार पेश गर्नेछु।

निवेदककोः

सहिः

नामः

ठेगानाः

मितिः

अनुसुची २

छथर जोरपाटी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यलय

धनकुटा

छथर जोरपाटी गाउँपालिका गर्भवती आमा बच्चा पोषण कार्यक्रम कार्यविधी २०७९ अनुसारको रकम बुझिलिएको भरपाई

मितिः .................

१. कार्यक्रम/योजनाको नामः गर्भवती आमा बच्चा पोषण कार्यक्रम

२. स्वास्थ्य संस्थाको नामः

म........... उ........... जिल्ला.................... नगरपालिका÷गाउँपालिका वार्ड नं...... बस्ने श्री ..................................को छोरी श्री ...................................को श्रीमती .............................. मोबाइल नं. .................................. ले यस स्वास्थ्य संस्था आई गर्भ जाँच गरी यस संस्थाबाट पौष्टिक तत्वयुक्त खानेकुरा खानकोलागि प्रोत्साहन स्वरुप यस स्वास्थ्य संस्थाबाट वितरण गरिएको रकम निम्न अनुसार बुझिलिई भरपाईमा सही छाप मन्जुर भएँ।

सि.नं. गर्भवती महिलाको नाम¸थर गर्भ जाँच गर्न आएको मिति/ गर्भ जाँच गरेको महिना गर्भ जाँच गर्ने स्वास्थ्य कर्मीको नाम¸थर दस्तखत रकम रुरकम बुझिलिएको दस्तखत

| सि.नं. | गर्भवती महिलाको नाम¸थर | गर्भ जाँच गर्न आएको मिति/ गर्भ जाँच गरेको महिना | | गर्भ जाँच गर्ने स्वास्थ्य कर्मीको नाम¸थर | दस्तखत | रकम रु | रकम बुझिलिएको दस्तखत |
|---|---|---|---|---|---|---|---|
| १ | | | पहिलो | | | – | |
| २. | | | दोस्रो | | | – | |
| ३. | | | तेस्रो | | | ३००० | |
| ४. | | | चौथो | | | – | |
| ५. | | | पाँचौ | | | – | |
| ६. | | | छैठौं (पहिले भुक्तानी) | | | | |
| ७. | | | सातौं | | | – | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८. | | | आठौँ | | | – | |
| ९. | | | नऔ ( दोस्रो भुक्तानी) | | | ६,००० | |
| | जम्मा रू. | | | | | | |

५. प्रमाणित गर्ने स्वास्थ्य संस्था प्रमुखको

दस्तखतः

नामः

दर्जाः

स्वास्थ्य संस्थाको छापः

**यो भरपाई सहित राख्नुपर्ने कागजातहरु***

गर्भवती जाँचको लागि स्वास्थ्य संस्थाले दिएको कार्डको प्रतिलिपी तथा गर्भ जाँच रजिष्टरको प्रतिलिपी

# अनुसुची ३
## छथर जोरपाटी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## धनकुटा

छथर जोरपाटी गाउँपालिकाउपाध्यक्ष संग  गर्भवती आमा र शिशु पोषण कार्यक्रम कार्यविधी २०७९ अनुसारको रकम बुझिलिएको भरपाई

मितिः

१. कार्यक्रम÷योजनाको नामः गर्भवती आमा बच्चा पोषण कार्यक्रम

२. स्वास्थ्य संस्थाको नामः

म .............................. जिल्ला ....................... नगरपालिका÷ गाउँपालिका वार्ड नं. ......... बस्ने श्री ............................. की छोरी श्री ....................को श्रीमती खानेकुरा खानको लागि प्रोत्साहन स्वरुप यस स्वास्थ्य संस्थाबाट वितरण गरिएको रकम रु. ............ ( ............सय मात्र) बुझिलिई यो भरपाईमा सही छाप गर्न मन्जुर भएँ।

३. रकम बुझिलिनेको (क) सही छापः

(ख) नाम थरः

(ग) ठेगानाः

(घ) मितिः

(ङ) सम्पर्क नम्बरः

४. सुत्केरी गराउने स्वास्थ्यकर्मी÷रकम भुक्तानी गर्नेको सहीः

नामः

दर्जाः

सुत्केरी भएको मितिः

५. प्रमाणित गर्ने स्वास्थ्य संस्था प्रमुखको

दस्तखतः

नामः

दर्जाः

स्वास्थ्य संस्थाको छापः

यो भरपाई सहित राख्नुपर्ने कागजातहरु

1. प्रसुती सेवा विवरण लेखिएको कार्डको प्रतिलिपी
2. जन्म प्रमाण पत्रको प्रतिलिपी

प्रमाणिकरण मितिः २०७९/०६/०५

आज्ञाले

जितमान जिमी

प्रमुख प्रशासकीय अधिकृत

छथर जोरपाटी गाउँपालिका

जोरपाटी धनकुटा